# जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड

हात्तिसार, काठमाण्डौ, नेपाल
फोनः ९७७–१–४४४५०१३/१४/१५/१६, फ्याक्सः ९७७–१–४४४५०१६
ई–मेलः info@hidcl.org.np, Web Site http://www.hidcl.org.np

को

## शेयर अभौतिकीकरण गर्ने तथा नगद लाभांश वितरण सम्बन्धी अत्यन्त जरुरी सूचना

जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडको मिति २०७३ पौष २९ मा सम्पन्न पाँचौ तथा मिति २०७४ पौष २८ गते सम्पन्न छैठौं वार्षिक साधारण सभाबाट पारित भए बमोजिम आ.व.२०७२/०७३ तथा २०७३/७४ को मुनाफाबाट छुट्टाईएको चुक्ता पूँजीको ५/५ प्रतिशत (कर समेत) को दरले हुन आउने नगद लाभाँश नेपाल धितोपत्र बोर्डको मिति २०७२/११/०६ को निर्देशन अनुसार सोझै बैंक खातामा रकमान्तरण गर्ने कार्य भैरहेको व्यहोरा अनुरोध छ । सोहि सन्दर्भमा हालसम्म पनि शेयरधनीहरुले नगद लाभांश भुक्तानी लिन तथा शेयर प्रमाणपत्र संकलन गरि अभौतिकीकरण गर्न बाँकी रहेको शेयरधनीहरुले यथाशिघ्र अभौतिकिकरण गर्न हुन अनुरोध छ । साथै हालसम्म हितग्राही खाता नखोल्नु भएका शेयरधनी महानुभावहरुले कम्पनीको शेयर रजिष्ट्रार श्री ग्लोबल आइएमई क्यापीटल, लिमिटेड, राष्ट्रिय नाचघर, जमल, काठमाडौं, ग्लोबल आइएमई बैंक लि.को शाखा कार्यालयहरु तथा निक्षेप सदस्यकोमा हितग्राही खाता खोली आफुसंग रहेका शेयर प्रमाणपत्र अभौतिकिकरण गर्न सकिने व्यहोरा समेत जानकारी गराउंदछौं ।

डिम्याट खातामा बैंक खाता अद्यावधिक गरिएका शेयरधनीहरुको नगद लाभांश भुक्तानी Nepal Clearing House को IPS (Inter Bank Payment System) बाट सोझै बैंक खातामै पठाइरहेको (शेयर आवेदन गर्दा उपलब्ध गराइएको विवरण तथा बैंक खाताको विवरण हुवहु मिलेको हदसम्म तथा खाताधारक बैकको नियम अनुरुप) व्यहोरा सहर्ष जानकारी गराउँदछौं ।

यस अतिरिक्त सम्बन्धित भौतिक शेयरधारकहरुले हितग्राही खाता खोली शेयर अभौतिकिकरण गरेमा सो अभिलेखको आधारमा अभौतिकीकरण भएको हप्ताको अर्को शुक्रबार तथा बैंक खाता अद्यावधिक गरेको हितग्राहिको हकमा पनि सोही अनुसार स्वतः लाभाँश भुक्तानीको प्रक्रिया सम्पन्न गरिने व्यहोरा समेत जानकारी गराउँदछौं ।

**बुक क्लोज (Book Close) मा शेयरधनीको रुपमा रही सो पश्चात् बिक्री गरिएका शेयरः**
बुक क्लोज पश्चात् शेयर बिक्री गर्ने शेयरधनीहरुले बुक क्लोजमा शेयरधनी कायम भई नगद लाभांश पाउन योग्य अभौतिक शेयर बिक्री भएका तर नगद लाभांश प्राप्त हुन बाँकी शेयरधनीहरुको हकमा यस कम्पनीको शेयर रजिष्ट्रारको कार्यालयमा सम्पर्क राखी Nepal Clearing House Ltd. (NCHL) अन्तर्गत IPS सदस्यता प्राप्त गरेको बैंक तथा वित्तीय संस्थाको विवरण यस कम्पनीको शेयर रजिष्ट्रार श्री ग्लोबल आईएमई क्यापीटल लिमिटेड, राष्ट्रिय नाचघर, जमल, काठमाडौंमा उपलब्ध गराइ दिनु हुन विनम्र अनुरोध गर्दछौं । बैंक खाताको विवरण उपलब्ध गराउंदा सम्बन्धित बैंकबाट हालसालै अध्यावधिक गरिएको बैंक खाता प्रमाणित गर्ने कागजात समेत पेश गर्नु पर्नेछ ।

IPS द्वारा सोझै बैंक खातामा नगद लाभाँश जम्मा गरि दिंदा यस कम्पनीको तर्फबाट कुनै शुल्क कटौती गरिने छैन । तर सम्बन्धित बैंकको नियम अनुसार कुनै लागत लाग्ने भएमा सम्बन्धित शेयरधनीको लाभाँश रकमबाट नै काटिनेछ । यदी शेयरधनीले उपलब्ध गराएको बैंक खाताको विवरण गलत भई अरुको नाममा लाभाँश रकम जम्मा भएमा सोको जिम्मेवार स्वयम निवेदक हुनेछ । साथै उपलब्ध गराएको विवरण फरक परि रकमान्तरण गरेको लाभाँश रकम भुक्तानी हुन नसकी फिर्ता आएमा पुनः प्रशोधनको लागि शुल्क प्रति शेयरधनी रु.५/- (पाँच) लिइनेछ । सो निजको आभांशबाट कट्टा गरिने छ ।

**भौतिक शेयर (Physical Share):**
भौतिक रुपमा शेयर धारण गर्ने शेयरधनीहरुको हकमा समेत नगद लाभाँश सोझै बैंक खाता मार्फत वितरण गरिदै आएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुले आफ्नो नाममा रहेको Nepal Clearing House Ltd. (NCHL) अन्तर्गत IPS सदस्यता प्राप्त गरेको बैंक तथा वित्तीय संस्थाको विवरण यस कम्पनीको शेयर रजिष्ट्रार श्री ग्लोबल आईएमई क्यापीटल लिमिटेड, राष्ट्रिय नाचघर, जमल, काठमाडौंमा उपलब्ध गराइ दिनु हुन विनम्र अनुरोध गर्दछौं । बैंक खाताको विवरण उपलब्ध गराउंदा सम्बन्धित बैंकबाट हालसालै अध्यावधिक गरिएको बैंक खाता प्रमाणित गर्ने कागजात समेत पेश गर्नु पर्नेछ ।

यस अतिरिक्त सम्बन्धित भौतिक शेयर धारकहरुले हितग्राही खाता खोली शेयर अभौतिकिकरण गरेमा सो अभिलेखको आधारमा अभौतिकीकरण भएको हप्ताको अर्को शुक्रबार बैंक खाता अध्यावधिक भएको हदसम्म स्वतः लाभाँश भुक्तानीको प्रक्रिया सम्पन्न गरिने व्यहोरा समेत जानकारी गराउँदछौं ।

**आफ्नो शेयर धितोमा राखि कर्जा सुविधा उपभोग गर्दै आउनु भएका शेयरधनीहरुको हकमाः**
धितो बन्धकमा राखि कर्जा सुविधा उपभोग गर्नु भएका शेयरधनी महानुभावहरुले सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट स्वीकृतपत्र संलग्न गरी ग्लोबल आइएमई क्यापीटल लि.मा पेश गरे पश्चात नगद लाभांश निज शेयरधनीको बैंक खातामा जम्मा गर्ने व्यवस्था गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउंदछौं ।

***नोटः***

१. नगल लाभांश बैंक खातामा पठाउन बाँकी रहेका शेयरधनी/हितग्राहिको विवरण यस कम्पनीको वेभसाइट www.globalimecapital.com तथा कम्पनीको वेभसाइट www.hidcl.org.np मा हेर्न सक्नु हुनेछ ।
२. साथै भौतिक रुपमा शेयर धारण गरेका शेयरधनीहरुको लागि बैंक खाता उपलब्ध गराउँदा आवश्यक पर्ने निवेदनको ढाँचा श्री ग्लोबल आइएमई क्यापीटल लिमिटेडको वेभसाइट www.globalimecapital.com बाट प्राप्त गर्न सकिने र उक्त निवेदन श्री ग्लोबल आइएमई क्यापीटल लिमिटेडको Email ID : info@gicl.com.np मा समेत पठाउन सकिने व्यहोरा सहर्ष जानकारी गराउदछौं ।

**शेयर रजिष्ट्रारः**

**Global IME Capital Limited**
ग्लोबल आइएमई क्यापीटल लि.
GROW WITH US

पोष्ट बक्स नं. २१५९९
राष्ट्रिय नाचघर, तेश्रो तल्ला, जमल, काठमाडौं
फोन नं. ९७७-१-४२२२४६०, फ्याक्सः ९७७-१-४२२२५३४
E-mail: info@gicl.com.np
Website: www.globalimecapital.com

मिति २०७५ बैशाख १० गतेको नयाँ पत्रिका दैनिकमा प्रकाशित गर्ने